गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
कुश्मा, पर्वत, नेपाल

# जनस्वास्थ्य बुलेटिन

वर्षः ४ अंकः २८ महिनाः २८ जेठ २०८३

## प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत द्वारा जेठ महिनामा सम्पादित कार्यक्रम

### नर्सिङ कर्मचारीहरुलाई प्रजनन रुग्णता सम्बन्धि अभिमुखिकरण

मिति २०८३/२/०१ गते प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा नर्सिङ कर्मचारीहरुलाई प्रजनन रुग्णता सम्बन्धि अभिमुखिकरण कार्यालय प्रमुख बद्रीराज आचार्य ज्यूको अध्यक्षतामा सम्पन्न भएको छ ।कार्यक्रममा आङ खस्ने समस्या, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर , अवस्टेट्रिक फिस्टुलाको वारेमा अभिमुखिकरण गरिएको थियो। कार्यक्रमको सहजीकरण प्रदेश अस्पताल कुश्माका एम .डि जि. पी डा मिलन अवाले, महाशिला आधारभुत अस्पतालका मेडिकल अधिकृत डा सनम ढकाल, प्रदेश अस्यताल कुश्माका ब.अ.न.नि सरस्वती वराल, अ.न.नी सोभा श्रेष्ठ र प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका पब्लिक हेल्थ नर्सिङ निरिक्षक सुमन शर्माले गर्नु भएको थियो। अभिमुखिकरणमा २७ जना नर्सिङ कर्मचारीहरुको सहभागिता रहेको थियो।













## पर्वत जिल्लाका स्वास्थ्य संस्थाहरूमा न्यूनतम सेवा मापदण्ड (MSS) कार्यक्रम सम्पन्न

प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वतको आयोजना तथा सम्बन्धित स्थानीय तहहरूको समन्वय एवं व्यवस्थापनमा पर्वत जिल्लाका विभिन्न स्वास्थ्य संस्थाहरूमा न्यूनतम सेवा मापदण्ड (Minimum Service Standards-MSS) कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ। यस क्रममा मिति २०८३ जेष्ठ १ गते फलेवास नगरपालिकाको समन्वयमा फलेवास नगर अस्पतालमा MSS कार्यक्रम संचालन गरिएको थियो। कार्यक्रममा अस्पतालको वर्तमान अवस्था मूल्याङ्कन, सुधारका लागि कार्ययोजना निर्माण तथा जनप्रतिनिधिहरूसमक्ष प्रस्तुतिकरण गरिएको थियो। उक्त कार्यक्रममा मे.सु. डा.ढुण्डीराज पौडेलले मूल्याङ्कन तथा प्रस्तुतिकरण गर्नुभएको थियो भने प्रदेश जनस्वास्थ्य कार्यालयका ज.स्वा.अ. सन्देश पोखेल तथा इशिका खड्काले सहजीकरण गर्नुभएको थियो। मिति २०८३ जेठ ११ र १२ गते महाशिला आधारभूत अस्पतालमा MSS कार्यक्रम सम्पन्न गरिएको थियो। महाशिला गाउँपालिका–५ का वडाध्यक्ष श्री चन्द्र बहादुर मल्लको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा जनस्वास्थ्य अधिकृत सन्देश पोखेलको सहभागितामा अस्पतालको मूल्याङ्कन, कार्ययोजना निर्माण तथा जनप्रतिनिधि एवं व्यवस्थापन समिति समक्ष प्रतिवेदन प्रस्तुत गरिएको थियो। मिति २०८३ जेठ १८ र १९ गते पैयुँ आधारभूत अस्पतालमा MSS कार्यक्रम सम्पन्न गरिएको थियो। पैयुँ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री जीवन गैह्रेको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा जनस्वास्थ्य अधिकृत सन्देश पोखेलको सहजीकरणमा अस्पतालको मूल्याङ्कन, कार्ययोजना निर्माण तथा व्यवस्थापन समितिसमक्ष प्रस्तुतिकरण गरिएको थियो। कार्यक्रम मार्फत स्वास्थ्य संस्थाहरूको सेवा प्रवाहको वर्तमान अवस्था मूल्याङ्कन गरी गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्न आवश्यक सुधारका क्षेत्रहरू पहिचान गरिएको छ। साथै संस्थागत क्षमता अभिवृद्धि तथा सेवाको गुणस्तर सुधारका लागि कार्ययोजनाहरू निर्माण गरी सम्बन्धित व्यवस्थापन समिति तथा जनप्रतिनिधिहरूको माझ छलफल गरिएको छ। कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण सरोकारवाला निकाय, जनप्रतिनिधि, स्वास्थ्यकर्मी तथा सहयोगी हातहरूमा प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वतले हार्दिक धन्यवाद व्यक्त गर्दछौं।







dhoparbat44@gmail.com phoparbat.gandaki.gov.np 067-420119

## पोषण लेखाजोखा कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजना र महाशिला गाउँपालिका पर्वतको समन्वयमा मिति २०८३/०२/०५ गते का दिन महाशिला गाउँपालिका वडा नं ६ फलामखानी स्वास्थ्य चौकी मा पोषणलेखाजोखा कार्यक्रम सम्पन्न भयो। वडा अध्यक्ष श्री गोविन्द बहादुर वि.क. को उपस्थिति मा सम्पन्न कार्यक्रममा डा. सनम ढकाल प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका कार्यक्रम संयोजक तेज प्रसाद सुवेदी ,महाशिला गाउँपालिका स्वास्थ्य शाखाका कृष्ण राना, पृथ्वी श्रेष्ठ र फलामखानी स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीहरुले सहजिकरण गर्नुभएको थियो।लेखाजोखा कार्यक्रम मा ४७ जना बालबालिका को स्वास्थ्य परिक्षण गरिएको थियो। जसमा १ जना कडा कुपोषण; १ जना मोटोपना र ३ जनामा मध्यम कुपोषण देखिएको छ। समस्या देखिएका बालबालिकाहरूलाई अवस्था अनुसार परामर्श र प्रेषण गरिएको छ।









## समुदाय स्तरमा मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य कार्यक्रम निरन्तरता तथा विस्तार कार्यक्रको अभिमुखिकरण

प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा मिति २०८३/२/०६ र ०७ गते समुदाय स्तरमा मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य कार्यक्रम निरन्तरता तथा विस्तार कार्यक्रको अभिमुखिकरण स्वास्थ्य संस्था प्रमुख र नर्सिङ कर्मचारीहरुलाइ २ दिने अभिमुखिकरण प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको कार्यालय प्रमुख बद्रीराज आचार्य ज्यूको अध्यक्षतामामा १ व्याच सम्पन्न भएको छ। कार्यक्रमको सहजीकरण प्रदेश अस्पताल कुश्माका एम.डि.जि.पी डा मिलन अवाले, कुश्मा नगरपालिका, दुर्लुङ स्वास्थ्य चौकीका जनस्वास्थ्य निरिक्षक सुरेश सुवेदी, र महाशिला आधारभुत अस्पतालका अस्पताल नर्सिङ निरिक्षक सुरक्षा शर्माले गर्नुभएको थियो। कार्यक्रममा MPDSR को परिचय, महत्व, विभिन्न तहका समितिको काम,कर्तव्य र अधिकार, नोटिफिकेसन, स्कृनिङ र भर्वल अटप्सी गर्ने तरिका बारे अभिमुखिकरण गरिएको थियो। पर्वत जिल्लाका सम्पुर्ण स्थानिय तहहरु र प्रदेश अस्पताल कुश्मावाट वाट १९ जनाको सहभागिता रहेको थियो।








## मासिक भर्चुअल सेसन भाग १८

मिति २०८३/०२/०८ गते प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतद्वारा मासिक भर्चुअल सेसन भाग १८ अन्तर्गत BIRTH PREPAREDNESS AND COMPLICATION READINESS, ECLAMPSIA MANAGEMENT मा गरिएको थियो। सेसन प्रदेश जनस्वास्थ्य कार्यालय कुश्मा पर्वतका कार्यालय प्रमुख बद्रिराज आचार्यको अध्यक्षतामा सम्पन्न भएको छ जसको संचालन र सहजिकरण प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका प.हे.न.नि सुमन शर्माले् र प्रदेश अस्पताल कुश्माका स्त्री रोग विशेषज्ञ डा प्रियसा अधिकारीले गर्नुभएको थियो। १ घण्टा ३० मिनेटको सेसनमा जिल्लाका विभिन्न स्वास्थ्य संस्था बाट जुम आइडी मार्फत करिव ५० जना भन्दा बढी स्वाथ्यकर्मीहरुको सहभागिता रहेको थियो।










## नसर्ने रोगसम्बन्धी स्क्रिनिङ शिविर कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय पर्वत , प्रदेश अस्पताल पर्वत र प्रदेश आयुर्वेद चिकित्सालय पर्वतको सम्युक्त आयोजना जलजला गाउँपालिका पर्वतको समन्वयमा जलजला गाउँपालिका ७ धाईरीङमा मिति २०८३।०२।०८ गते र २०८३।०२।२८ गते जलजला ०२ मल्लाजमा नसर्ने रोगसम्बन्धी स्क्रिनिङ शिविर सम्पन्न भयो । प्रदेश अस्पताल पर्वतका अध्यक्ष याम परियार शिवको अध्यक्षतामा सम्पन्न उक्त शिविरमा जम्मा ३०३ सेवाग्राहीले सेवा लिनुभएको थियो।कार्यक्रम मा प्रमुख अतिथि जलजला गाउँपालिका उपाध्यक्ष दिपक आचार्य, प्रदेश अस्पताल पर्वतका प्रमुख डा. ढुण्डीराज पौडेलले कार्यक्रममा बोल्दै नसर्ने रोगसम्बन्धी जानकारी गराउनुभएको थियो। कार्यक्रममा सहजिकरण प्रदेश जनस्वास्थ्य कार्यालयका संयोजक तेज प्रसाद सुवेदी, स्वास्थ्य शाखा प्रमुख गणेश मल्ल, प्रदेश अस्पतालका मे.अ, ल्याव कर्मचारी, आयुर्वेद चिकित्सालय पर्वतका कर्मचारीहरुले गर्नुभएको थियो। कार्यक्रमको सन्चालन जलजला गाउँपालिका का जनस्वास्थ्य अधिकृत अन्जलि पिसि ले गर्नुभएको थियो।








## परिवार नियोजन सेवा सुदृढीकरण कार्यक्रम

मिति २०८३/०२/२१ र २२ गते प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजना र फलेवास नगर पालिकाको समन्वयमा परिवार नियोजन सेवा सुदृढीकरण कार्यक्रम फलेवास नगरपालिकाको सभा हलमा फलेवास नगर पालिकाका प्रमुख प्रशासकिय अधिकृत श्री भोला प्रसाद चापागाईं ज्युको अध्यक्षतामा सम्पन्न भएको छ । कार्यक्रमको सन्चालन प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका परिवार नियोजन सुपर भाइजर निरीक्षक श्री नारायण प्रसाद रेग्मीले गर्नु भएको थियो।उक्त २ दिने कार्यक्रम को सहजीकरण जलजला गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख श्री गणेश मल्ल,फलेवास नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रसन्न मान महर्जन ,प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतका परिवार नियोजन सुपर भाइजर निरिक्षिक श्री नारायण प्रसाद रेग्मीले गर्नु भएको थियो ।कार्यक्रममा फलेवास नगरपालिका र अन्तर्गतका सबै स्वास्थ्य संस्थाका स्वास्थ्य संस्था प्रमुख , परिवार नियोजन फोकल पर्सन गरि २८ जना को सहभागिता रहेको थियो।









## आमाको दूध प्रतिस्थापन गर्ने बस्तु (बिक्रि बितरण नियन्त्रण) ऐन २०४९ र नियमावली २०५१ (BMS ACT ) सम्बन्धि अभिमुखीकरण

प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा आमाको दूध प्रतिस्थापन गर्ने बस्तु बिक्रि बितरण ऐन २०४९ र नियमावली २०५१ (BMS ACT ) सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा पर्वत जिल्ला सम्पुर्ण स्थानिय तहबाट स्वास्थ्य शाखा प्रमुख, पत्रकार महासंघका ५ जना सन्चारकर्मी, औषधि ब्यावसायी, डिपार्टमेन्टल स्टोर तथा थोक बिक्रेता र स्वास्थ्यकर्मी गरी ३६ जना को सहभागिता रहेको थियो। कार्यक्रममा सहजिकरण अधिवक्ता पून्य प्रसाद सुवेदी, जनस्वास्थ्य अधिकृत अन्जलि पि.सि, प्रदेश जनस्वास्थ्य कार्यालयका कार्यक्रम फोकल पर्सन तेज प्रसाद सुवेदी ले गर्नुभएको थियो।








dhoparbat44@gmail.com phoparbat.gandaki.gov.np 067-420119

## गर्भवती महिलाहरूका लागि निशुल्क (Anomaly scan) एनोमली स्क्यान कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा तथा प्रदेश अस्पताल कुश्मा पर्वतको समन्वयमा मिति २०८३/०२/१० र २४ गते २ व्याच गर्भवती महिलाहरूका लागि निशुल्क एनोमली स्क्यान तथा गर्भवती स्वास्थ्य परीक्षण कार्यक्रम प्रदेश अस्पताल कुश्मा पर्वतमा सफलतापूर्वक सम्पन्न भएको छ। कार्यक्रम मार्फत ३० जना गर्भवती महिलाहरू लाभान्वित भएका छन्। गर्भावस्थामा शिशुको शारीरिक विकास तथा सम्भावित जन्मजात असामान्यताको समयमै पहिचान गर्ने उद्देश्यले सञ्चालन गरिएको यस कार्यक्रममा विशेषज्ञ स्वास्थ्य सेवाहरू प्रदान गरिएको थियो। यस कार्यक्रममा धौलागिरी प्रादेशिक अस्पतालका रेडियोलोजिस्ट डा प्रविन घिमिरे ले एनोमली स्क्यान सेवा प्रदान गर्नुभएको थियो। साथै प्रदेश अस्पताल कुश्माका स्त्री तथा प्रसूति रोग विशेषज्ञ Dr. Priyasa Adhikari ले गर्भवती महिलाहरूको स्वास्थ्य परीक्षण तथा परामर्श सेवा प्रदान गर्नुभएको थियो। नर्सिङ सेवातर्फ अ.न.नी शोभा श्रेष्ठ, अ.न.नी सुनिता नेपालि र सि.अ.न.मी निर्मला थापाले एन्टिनेटल स्क्रिनिङ गरि गर्भावस्था देखी सुत्केरी अवस्था सम्म सेवा निरन्तरता सम्बन्धि स्वास्थ्य शिक्षा दिनुभएको थियो। सम्पुर्ण कार्यक्रमको व्यवस्थापन पब्लिक हेल्थ नर्सिङ निरिक्षक सुमन शर्माले गर्नु भएको थियो ।














## रुम्याटिक हार्ट डिजिज (Rheumatic Heart Disease-RHD) स्क्रिनिङ कार्यक्रम

मिति २०८३/०२/२७ गते प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा तथा मोदि गाउँपालिकाको समन्वयमा रुम्याटिक हार्ट डिजिज (Rheumatic Heart Disease-RHD) स्क्रिनिङ नवजागृत मा.वि तिलाहार पर्वतमा सम्पन्न भएको छ।

रुम्याटिक हार्ट डिजिज (Rheumatic Heart Disease-RHD) प्रायः समुचित रुपमा उपचार नगरिएको Streptococcal Throat Infection को जटिलता हो, जसले मुटुको भल्भमा क्षति पुर्‍याउँछ।नेपाल लगायत विकासोन्मुख देशहरूमा RHD अझै पनि बालबालिका तथा युवावर्गमा मुटु सम्बन्धी रोगको प्रमुख कारण मानिन्छ। तसर्थ, स्क्रिनिङ कार्यक्रम मार्फत रोगको प्रारम्भिक अवस्थामै पहिचान, रोकथाम र उपचार सम्भव भएकाले यस कार्यक्रम महत्वपूर्ण छ।विद्यालय तथा समुदायस्तरमा RHD का जोखिमयुक्त व्यक्तिहरूको पहिचान गरी संक्रमित तथा जोखिममा रहेका व्यक्तिहरूलाई समयमै स्वास्थ्य संस्थामा रेफरल गर्ने र रुम्याटिक हार्ट डिजिजको जोखिम र रोकथामबारे सचेतना अभिवृद्धि गर्ने उदेश्यले यो कार्यक्रम संचालन गरिएको थियो । नव जागृत मा.वि तिलाहार पर्वतका जम्मा ६५२ जना विद्यार्थीहरुमा Rheumatic Heart Disease-RHD को screening गरिएकोमा ११ जनालाई थप echo गरि मुटुको समस्या पत्ता लागेको छ । जसमा १ जना सामान्य, २ जनामा RHD -, ८ जनामा CHD-( ASD-6 , VSD-1, PDA-1 ) निदान भएको छ । निदान भएका विद्यार्थीहरुलाई शहिद गंगालाल काठमान्डौमा थप उपचारमा लैजान विद्यालय मार्फत परिवारलाई जानकारि गराईएको छ। यस स्क्रिनिङ शिविरलाई सफल बनाउने प्राविधिक टिम CONSULTANT CARDIOVASCULAR SURGEON डा प्रेम राज वैध, CARDIOLOGIST डा एन्जिला वैध र CONSULTANT ANESTHESIOLOGIST डा महालक्ष्मी देउजा लाई हार्दिक धन्यवाद प्रकट गर्दछौ । मोदि गाउँपालिका र नवजागृत मा.वि तिलाहार पर्वतलाई उत्कृष्ट समन्वय, सहयोग र प्रतिबद्धताप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं। यस कार्यक्रमलाई सफल बनाउन यहाँहरूको महत्वपूर्ण भूमिका रहेको छ। आगामी दिनहरूमा पनि सहकार्य, समन्वय र साझेदारी निरन्तर रहने विश्वासका साथ भविष्यमा समेत सँगै काम गर्दै जाने अपेक्षा राख्दछौं।












## विद्यालय स्वास्थ्य शिक्षा

प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वत तथा जिल्लाका सम्पूर्ण स्थानीय तह र स्वास्थ्य संस्थाको सहकार्यमा संचालन भइरहेको "हरेक महिना एक स्वास्थ्यकर्मी, एक स्वास्थ्य शिक्षा" अभियान अन्तर्गत २०८३ जेठ महिनाको लागि ३ विषय मध्ये पहिलो विषय जेठको पहिलो साता २०८३ पोषण सप्ताह को अवसरमा "विद्यालय स्वास्थ्य तथा पोषण सप्ताह " महिनावारी स्वच्छता र प्रजनन रुग्णता सँग सम्बन्धित रहेर तयार गरि कार्यालयको आधिकारीक पेजवाट प्रशारण गरिएको छ ।






# चेतनामूलक सामग्रीहरु

**अब्स्ट्रेटिक फिस्टुला रोकथामका उपायहरू :-**

- सबै महिलाले सुत्केरी हुँदा दक्ष प्रसुतीकर्मीको सहयोगमा नै प्रसुती गराउने
- सानै उमेरमा बच्चा नजन्माउने
- बालविवाहलाई निरूत्साहित गर्ने
- किशोरी अवस्थादेखि नै यौन तथा प्रजनन् स्वास्थ्यबारे जानकारी गराउने
- गर्भवती महिलाले कम्तीमा ४ पटक गर्भ जाँच गराउने
- गर्भवती महिलाले पोषणयुक्त खाना खाने
- सुत्केरी व्यथा लाग्ने बित्तिकै प्रसुती गराउन नजिकको स्वास्थ्य संस्थामा जाने । दक्ष प्रसुतीकर्मीको सहयोगमा स्वास्थ्य संस्थामा नै प्रसुती गराउने
- जन्मान्तरका लागि परिवार नियोजनको साधनको प्रयोग गर्ने

**अब्स्ट्रेटिक फिस्टुलाको उपचार :-**

- शल्यक्रियाद्वारा यसको उपचार गर्न सकिन्छ
- यस्तो समस्या देखिएमा तुरून्तै नजिकैको स्वास्थ्य संस्थामा गई स्वास्थ्यकर्मीसंग सल्लाह र सेवा लिने

**तल उल्लेखित स्वास्थ्य संस्थामा अब्टेट्रिक फिस्टुलाको शल्यक्रिया गरिन्छ :**

- पाटन अस्पताल, ललितपुर । फोन : ०१–५५२२२९५
- वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान । फोन : ०२५–५२५५५५
- काठमाडौं मोडेल अस्पताल, काठमाडौं । फोन : ०१–४२२२४५०

संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष
(यूएनएफपीए)

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार स्वास्थ्य महाशाखा
र
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

## अब्स्ट्रेटिक फिस्टुलाबारे जानकारी

योनीबाट निरन्तर रूपमा पिसाब वा दिसा वा दुबै चुहिने समस्यालाई अब्स्ट्रेटिक फिस्टुला भनिन्छ । लामो र कठिन प्रसव व्यथाको अवस्थामा, दक्ष प्रसुतीकर्मीबाट सही समयमा उपयुक्त सेवा नपाउनाले अब्स्ट्रेटिक फिस्टुला हुन जान्छ ।

नेपालमा अब्स्ट्रेटिक फिस्टुला अदृश्य अवस्थामा रहेको एउटा प्रजनन् स्वास्थ्य समस्या हो । स्वास्थ्य मन्त्रालय र यूएनएफपीएको प्रतिवेदन अनुसार नेपालमा हरेक वर्ष करिब २००–४०० महिला यसको चपेटामा पर्ने गरेका छन् । तर यो तथ्याङ्कले केवल सतही रूपमा मात्र समस्याको केही अवस्थालाई चित्रण गरेको देखिन्छ । वास्तवमा यो समस्याको रोकथाम र उपचारबारे ज्ञानको अभाव र लोकलाजको कारणले यो समस्या लुकेर रहेको छ ।


अब्स्ट्रेटिक फिस्टुला हुनबाट बच्न सकिन्छ । यो उपचारबाट निको हुन्छ । अब्स्ट्रेटिक फिस्टुला भएको थाहा भएमा चिकित्सक कहाँ जाऔं । अब्स्ट्रेटिक फिस्टुला हुनबाट बच्न दक्ष प्रसुतीकर्मीको सहयोगमा स्वास्थ्य संस्थामा नै प्रसुती गराऔं ।

**अब्स्ट्रेटिक फिस्टुला हुने कारणहरू :-**

- लामो र कठीन प्रसव व्यथा लाग्नु
- दक्ष प्रसुतीकर्मीको सहयोग बिना घर मै प्रसुती गराउनु
- सानो उमेरमा बच्चा जन्माउनु




राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र




नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

# पर्वत जिल्लास्थित स्थानीय तहद्वारा जेठ महिनामा सम्पादित कार्यक्रम

## कुश्मा नगरपालिका

- नियमित मासिक बैठक तथा डाटा भेरिफिकेसन कार्यक्रम सप्पन्न।
- सबै स्वास्थ्य संस्थाहरूले महिनावारी स्वच्छता दिवश मनाउनुका साथै विध्यालयमा किशोर किशोरी यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा सेसन संचालन।
- पुर्णखोप शुनिश्चितता तथा दिगोपना कार्यक्रम सम्पुर्ण वडामा सम्पन्न गरि पालिका घोषणा कार्यक्रम जेष्ठ महिनाको २६ गते सम्पन्न।
- सबै संस्थाहरूको न्युनतम सेवा मापदन्ड कार्यक्रम सम्पन्न।
- संक्रिय क्षयरोगका बिरामीहरूको खोज पडतालका लागि स्कृनिङ शिविर सम्पन्न।

## पैयुँ गाउँपालिका

- स्वास्थ्य संस्था प्रमुख तथा शाखामा कार्यरत स्वास्थ्यकर्मीहरूको मासिक बैठक सम्पन्न।
- पैयूँ गाउँपालिकालाई पुर्ण खोप घोषणा तथा दिगोपना कायम रहेको गाउँपालिका घोषणा कार्यक्रम सम्पन्न।
- महिनावारी स्वच्छता दिवसको अवसरमा माध्यमिक विद्यालयमा अध्ययनरत किशोरीहरू विच हाजिरिजवाफ कार्यक्रम सम्पन्न ।
- स्वास्थ्य संस्थाहरूमा IMNCI को स्थलगत अनुशिक्षण कार्यक्रम सम्पन्न ।
- आधारभुत अस्पताल र बेउलीबास स्वास्थ्य चौकीको MSS कार्यक्रम सम्पन्न ।

## मोदी गाउँपालिका

- नियमित मासिक बैठक तथा डाटा भेरिफिकेसन कार्य सम्पन्न ।
- मोदी गाउँपालिकामा रहेका सम्पूर्ण वडाहरूमा नसर्ने रोग सम्बन्धी निशुल्क स्वास्थ्य शिविर सम्पन्न।
- महिनावारी स्वच्छता दिवसको अवसरमा विद्यालय स्तरीय जवाफ प्रतियोगिता सम्पन्न।
- पाठेघरको मुखको क्यान्सर र स्तन क्यान्सरको स्क्रिनिङ शिविर मोदी गाउँपालिका वडा नम्बर २,७,८ मा सम्पन्न ।
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न ।




## जलजला गाउँपालिका

- नियमित मासिक बैठक तथा डाटा भेरिफिकेसन कार्यक्रम सप्पन्न ।
- CB-IMNCI on site coaching कार्यक्रम सम्पन्न ।
- पुर्णखोप शुनिश्चितता तथा दिगोपना पालिका घोषणा कार्यक्रम जेठ ०७ गते सम्पन्न।
- वार्ड नं ७ र ०२ मा NCD स्क्रेनिङ सम्पन्न।
- राष्ट्रीय पोषण लेखाजोखा अभियानमा पत्ता लगाइएका कुपोषित बालबालिकालाई पुन स्क्रेनिङ र NRH रेफर ।
- पाठेघरको मुखको क्यान्सर र स्तन क्यान्सरको स्क्रिनिङ लेखफाट स्वास्थ्य चौकीमा सम्पन्न जसमा ८ जना POSTIVE लाई बेनी अस्पताल रेफर।
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन।
- महीनावारी दिवसको अवसरमा पालिका स्तर SPEECH COMPETITION सम्पन्न।

| महाशिला गाउँपालिका | विहादी गाउँपालिका |
|---|---|

## महाशिला गाउँपालिका

- नियमित मासिक बैठक तथा डाटा भेरिफिकेसन कार्यक्रम सप्पन्न।
- CB-IMNCI on site coaching कार्यक्रम सम्पन्न
- पुर्णखोप शुनिश्चितता तथा दिगोपना पालिका घोषणा कार्यक्रम सम्पन्न ।
- Pams v2 सम्वन्धी अभिमुखिकरण कार्यक्रम संचालन।
- FCHV हरुलाई नसर्ने रोग सम्वन्धी अभिमुखिकरण कार्यक्रम संचालन।
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन।
- स्वास्थ्य चौकीहरुको MSS कार्यक्रम सम्पन्न।




## विहादी गाउँपालिका

- स्वास्थ्य कार्यक्रमको नियमित मासिक प्रगति समिक्षा बैठक सञ्चालन तथा डाटा भेरिफिकेशन ।
- परिवार नियोजन सेवाको लामो अवधिको साधन Implant को ५ वटा स्वास्थ्य चौकीका ५ जना स्वास्थ्यकर्मीहरुलाई ८ दिने तालिम सम्पन्न ।
- ६ वटा वडाहरुमा न्युनतम सेवा मापदण्ड (MSS ) फलोअप कार्यक्रम सम्पन्न ।
- पोषण नमुना विशेष कार्यक्रम अन्तर्गत ५ वटा वडाहरुमा गर्भवती आमा र किशोरीहरुका लागि पोषण अभिमुखीकरण कार्यक्रम सम्पन्न ।
- समुदाय स्तरमा नसर्ने तथा मानसिक स्वास्थ्य सम्बन्धि ३ वटा वडामा सरोकारवलाहरूसँग अभिमुखीकरण कार्यक्रम सम्पन्न ।
- सबै वडाहरुमा पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम सम्पन्न ।
- समुदायमा लुकेर बसेका क्षयरोगी पत्ता लगाउन AI एक्सरे माध्यमबाट स्क्रीनिङ सेवा सञ्चालन २०८ जना AI एक्सरे गरेकोमा ७ जना संकास्पद क्षयरोगीको खकार जिनस्पोट परीक्षण गर्न प्रादेशेशिक क्षयरोग केन्द्र पोखरा पठाइएको ।
- ग्रामीण अल्ट्रासाउण्ड माध्यमबाट नियमित रूपमा पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा घुम्ती कार्यक्रम मार्फत गर्भवतीहरुको गर्भ परीक्षण ।
- महिनावारी स्वच्छता दिवसको अवसरमा सबै स्वास्थ्य चौकीहरु बाट विद्यालयहरूमा स्वास्थ्य शिक्षा संचालन ।



## फलेवास नगरपालिका

- नियमित तथ्यांकको गुणस्तर वृद्धिका लागि स्वास्थ्य संस्था प्रमुख तथा शाखामा कार्यरत स्वास्थ्यकर्मीहरुको मासिक बैठक तथा डाटा भेरिफिकेशन तथा भ्यालीडेशन कार्य सम्मन्न भएको छ।
- प्रदेश अस्पताल कुश्मा, पर्वतको आयोजना तथा स्वास्थ्य शाखा फलेवास नगरपालिकाको समन्वयमा "स्थानीय स्तरमा चिकित्सा सेवा विस्तार कार्यक्रम" अन्तर्गत ठानामौला हाडजोर्नी तथा नसारोग विशेषज्ञ र कन्सल्टेन्ट मेडिकल जेन्रलिष्ट (MDGP) सहितको टोलीद्वारा १ दिने विशेषज्ञ स्वास्थ्य सेवा सम्पन्न भएको छ।
- फलेवास नगरपालिका अन्तर्गत थापाठाना स्वा.चौ. र फलेवास नगर अस्पतालमा न्यूनतम सेवा मापदण्ड कार्यक्रम सम्पन्न भएको छ।
- स्वास्थ्य शाखा फलेवास नगरपालिकाको आयोजनामा "राष्ट्रिय पोषण लेखाजोखा अभियान २०८२/८३" कार्यक्रममा SAM र MAM भेटिएका वडा नं: २, ३, ४, ५, ७, १० र ११ अन्तर्गतका स्वास्थ्य चौकीद्वारा स्थानीय पोषणयुक्त तथा स्वस्थ खाना उपभोग प्रवर्धनका लागि पोषण प्रदर्शनी तथा सचेतनामुलक कार्यक्रम सम्पन्न भएको छ।
- फलेवास नगरपालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुद्वारा "आमा बा स्वास्थ्य कार्यक्रम/जेष्ठ नागरिकको घरघरमा स्वास्थ्यकर्मी २०८२/८३" कार्यक्रम सम्पन्न भएको छ ।

| परिक्षण गरिएको सेवाग्राहीको संख्या | मोटोपना (BMI≥३०) | उच्च रक्तचाप | मधुमेह | मृगौलाको रोग (Protein≥+१) |
|---|---|---|---|---|
| ५१४३ | ६०८ | ११५० | ५९० | १९५ |

- स्वास्थ्य शाखा फलेवास नगरपालिकाको आयोजना तथा प्रदेश रोग नियन्त्रण केन्द्र र प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको समन्वयमा क्षयरोगका जोखिम समुह तथा स्वाथ्य सेवाको पहुच कम भएका समुदायलाई लक्षित गरी "AI-Xray द्वारा सक्रिय क्षयरोग खोजपडताल कार्यक्रम" सम्पन्न भएको छ।

| परिक्षण गरिएको सेवाग्राहीको संख्या | शंकाष्पदको खकार संकलन गरिएको संख्या |
|---|---|
| ३१३ | १९ |

- प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजना तथा स्वास्थ्य शाखा फलेवास नगरपालिकाको समन्वयमा "परिवार नियोजन सम्बन्धी सुदृढिकरण कार्यक्रम" सम्पन्न भएको छ।
- स्वास्थ्य शाखा फलेवास नगरपालिकाको आयोजना मिति: २०८३/०२/२२ गते पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम सम्पन्न भएको छ।
- स्वास्थ्य शाखा फलेवास नगरपालिकाको आयोजनामा आमा तथा नवजात शिशु कार्यक्रम अन्तर्गत विभिन्न स्वास्थ्य संस्थाहरुको अनुगमन समपन्न भएको छ। अनुगमन गरिएको संस्था;
  - थापाठाना स्वा.चौ.
  - फलेवास न.अ.
  - लिमिठाना स्वा.चौ.
  - भगरा स्वा.चौ.
  - कुर्घा स्वा.चौ.

प्रकाशित मिति: २०८३ असार १